# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- ०३**

मिति २०८०।०२।१७

## छलफल तथा निर्णय

निर्णयहरु

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री र सचिवसँग मन्त्रालयको चालु आ.व. ०७९।०८० को स्विकृत कार्यक्रम कार्यान्वयनको अवस्था स्पष्ट पार्ने गरी हालसम्मको प्रगति विवरणका सम्बन्धमा समितिका माननीय सदस्यज्युहरुले जानकारी लिनुभयो ।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवज्युले समग्र प्रदेशको बजेट कार्यान्वयनको वस्तुस्थिति तथा आगामि आ.व. को बजेटको अनुमानित खाका, बजेटमा तयारी सम्बन्धी विषयवस्तु प्रस्तुत भएपश्चातको छलफलमा समितिका माननीय सदस्यहरुले भाग लिनुभयो । छलफल समाप्त भएपश्चात समितिका ज्येष्ठ सदस्यज्यूले निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीमार्फत स्थानीय तह र प्रदेश सभा सदस्यहरुसँगको सहकार्यमा ल्याईएका योजना छनौट प्रभावकारी बनाउन विगतमा सुनिएका केही कमजोरीहरुलाई सच्याई आगामी बजेटमा मुलुकको वर्तमान आर्थिक अवस्थालाई मध्यनजर गर्दै टुक्रे र साना योजना भन्दा पनि प्रदेश गौरवका महत्वपुर्ण तथा आवश्यकता बमोजिमका योजना छनौट गर्न र बाह्य तत्वको घुसपैठ हुन नदिन उच्च सतर्कता अपनाउन निर्देशन दिनुभयो ।

३. आफ्नो कार्यक्षेत्रभित्र पर्ने उद्योग र पर्यटनका क्षेत्रमा समेत मन्त्रालयको ध्यान पुग्न नसकेको धारणा राख्दै समितिका सदस्यहरुले प्रदेशको राजश्व वृद्धि गर्न वन वातावरणका साथसाथै पर्यटन र उद्योगको क्षेत्रमा दिर्घकालीन योजना तयार गरी बजेट विनियोजन गर्नेतर्फ मन्त्रालयले गृहकार्य गर्नपर्ने सुझाव तथा निर्देशन समितिका तर्फबाट माननीय मन्त्रीज्यु र सचिवज्युलाई दिइयो ।